Total No. of Printed Pages—7

**HS/XII/A/n/23**

**2023**

**NEPALI ( ELECTIVE )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख : 1×10=10

(क) ''ला, के भने तमसुकमा बूढी औंलाका छाप लाइदे।''
माथिको वाक्यमा 'तमसुकमा बूढी औंलाका छाप लाइदे' भन्ने मान्छे को हो?

*(i)* लेउते दमाई

*(ii)* रिकुटे

*(iii)* मोटे कार्की

*(iv)* बैदार बूढा

(ख) धनेको घरमाथि के थियो?

*(i)* छहरे धारो

*(ii)* ठूलो गाउँ

*(iii)* खेत

*(iv)* वन

(ग) झुमा के गाउन सिपालु थिई?

*(i)* झ्याउरे

*(ii)* सङ्गिनी

*(iii)* भजन

*(iv)* गीत

(घ) मोटे कार्कीले के काम गर्छ?

*(i)* गाई पाल्ने

*(ii)* खेती-बारी गर्ने

*(iii)* खसी-बाख्रा बेच्ने

*(iv)* कुखुरा बेच्ने

(ङ) साउँब्याज लगाएर धनेले साहूलाई कति तिर्नुपर्ने ठहरियो?

*(i)* ₹ ५७५

*(ii)* ₹ ६७५

*(iii)* ₹ ४७५

*(iv)* ₹ ७५७

(च) 'मसान' के हो?

*(i)* उपन्यास

*(ii)* नाटक

*(iii)* कथा

*(iv)* खण्डकाव्य

(छ) ''यस्तो मैलो लुगा लगाएर आमाकहाँ
जान हुन्न भनेर कुलेलम ठोक्यो?''
माथिको वाक्यमा 'कुलेलम ठोक्यो'-को अर्थ के हो?

*(i)* नाच्दै गाउँदै हिड्यो

*(ii)* कुदेर भाग्यो

*(iii)* पलेटी कसेर बस्यो

*(iv)* खुरूखुरू आयो

(ज) ''मेरो अलच्छिने लुगा पनि दिनुहुन्छ?'' यो वाक्य कसले भनेको हो?

*(i)* वाग्मतीले

*(ii)* युवतीले

*(iii)* दुलहीले

*(iv)* कृष्णकी बहिनीले

(झ) ''थसुल्ली मोरी घरभरिकी भैदी।''
माथिको वाक्यमा 'थसुल्ली'-को अर्थ के हो?

*(i)* गोरी

*(ii)* काली

*(iii)* मोटी

*(iv)* होची

(ञ) यो घरमा स्वास्नीमान्छेहरूको जिउँदै ______ हुँदोरहेछ।
तल दिएका सही विकल्प छानेर माथिको वाक्य पूरा गर।

*(i)* पूजा

*(ii)* विवाह

*(iii)* दागबत्ती

*(iv)* सम्मान

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर तलका वाक्य पूरा गर : 1×5=5

(क) 'बसाइँ' लीलबहादुर क्षत्रीको ______ उपन्यास हो। (ऐतिहासिक/सामाजिक)

(ख) माथि डाँडाबाट एउटा ______ तलतिर झर्दैछ। (खोला/व्यक्ति)

(ग) मलाई त नगरी नसकिने ______ चाहिएको छ। (काम/माया)

(घ) हरेक ______ का भराइमा हाँसो भइरहन्छ। (पाथी/पानी)

(ङ) 'मसान' गोपालप्रसाद रिमालको राम्रो ______ हो। (उपन्यास/नाटक)

**3.** तल दिइएका कथन सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) धने र लेउते-को बारीको माझमा एउटा खोला थियो।

(ख) सानैमा बाबुआमा खसेकाले कार्की एक्लै थियो।

(ग) दुलही युवतीकी आफ्नै बहिनी हो।

(घ) दुलही भर्खर सोह्र वर्ष पुगेकी छ।

(ङ) मसान डर लाग्दो ठाउँ हो।

SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका *4/5* वाक्यमा उत्तर लेख : 3×5=15

(क) बैदार बूढो को हो? उसले के काम गर्छ?

(ख) छहरे धारोको नाम कसरी 'छहरे धारो' भयो? स्पष्ट पार।

(ग) को निकै मोटे थियो? उसले के काम गर्छ?

(घ) युवतीले किन 'मेरो निद्रा कुम्भकर्णको निद्राजस्तो मात्र भो' भन्छे?

(ङ) वाग्मती को हो? उसले किन 'यो स्वास्नीमान्छेको फुटेको कर्म' भन्छे?

(च) झुमाको चरित्रका विशेषताहरू लेख।

(छ) 'मसान' र 'बसाइँ' के-के हुन्? यी दुइमा कतिवटा पाठ छन्?

**5.** (क) 'छन्द' केलाई भनिन्छ? एउटा उदाहरण देऊ। 3

(ख) 'अलङ्कार' भनेको के हो? कुनै दुइवटा अलङ्कारका नाम लेख। 3

(ग) 'रस' भन्नाले के बुझिन्छ? उदाहरण देऊ। 3

(घ) कारक र विभक्ति के-के हुन्? 3

(ङ) तलका वाक्य शुद्ध पारेर लेख : 1×3=3

*(i)* तेनजिङ खाइलाग्दो र बलियो थिई।

*(ii)* तिमीले पशुपति मन्दिरको नाम सुन्नुभएको छ।

*(iii)* हिउँले ढाकिएका पहाड-पर्वतलाई हिमालय भन्छुम।

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसँग व्याख्या गर (कुनै **दुइ**) : 5×2=10

(क) हेमन्त अब कलङ्की अवतारझैं शरद्‌रूपी त्यसको सारा मनोहर उद्यान मास्ने निश्चय लिई विस्तारै लम्किरहेको छ। बिहान चिसो सिरेटो चल्न थालेको छ औ सूर्यको दर्शन मध्यदिन नहुञ्जेलसम्म मुश्किल हुन थालेको छ।

(ख) जब अन्याय र अत्याचारले सीमा पार गर्छ र साँचो सहायताको आवश्यकता भुक्तभोगीहरूलाई हुन्छ तब कुनै-न-कुनै रूपमा ईश्वरको सहायता अवश्य पुग्छ।

(ग) माया गर्नुको पनि त एउटा भाँति हुन्छ।
यस्तो विघ्न माया त कोही पनि नगरोस्।

(घ) तर जो आमाहरूको अस्तित्व गुमेको; बहिनीहरूको बिचल्ली भएको हात बाँधेर टुलुटुलु हेर्न सक्छ, त्यस्ता नामर्दहरूको के विश्वास।

**7.** 'मसान' नाटककी नायिका युवती (हेलेन)-को चरित्र चित्रण गर। 7

**अथवा**

कृष्ण 'मसान' नाटकमा नायक भएर पनि खलनायक भएको छ भन्ने विषयलाई आफ्नै भाषामा लेख।

**8.** 'बसाइँ' उपन्यासमा झुमावतीको भूमिका के-कस्तो रहेको छ? बुझाएर लेख। 8

**अथवा**

"जीवनभरि सङ्घर्ष गरेर पनि अन्त्यमा धने बस्नेत हारेको छ" भन्ने विषयलाई स्पष्ट पारेर लेख।

**9.** जीवनमा सफल बन्नु छ भने पढाइलाई धेरै महत्त्व दिनुपर्छ भन्ने विषय खुलाउँदै साथीलाई एउटा पत्र लेख। 5

**10.** तल दिइएका विषयमध्ये कुनै **एउटा** विषय छानेर *200* शब्दभित्र निबन्ध लेख : 10

(क) तिमीलाई मनपर्ने देश

(ख) जीवनमा खेलको महत्त्व

(ग) मोबाइल फोन कति नाफा कति नोक्सान

(घ) स्वास्थ्य नै धन हो

(ङ) राष्ट्रमण्डल खेल, 2022

**11.** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख :

एक के० जी० मासु उत्पादन गर्न दश के० जी० शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक-जना मांसाहारीले एक किलो मासु खाँदा दशजना शाकाहारीको खाना खान्छ। धनी र सम्पन्न वर्गकै इन्धन, उर्जा र आहारा-मा गरीबहरूले पिल्सिनु पर्ने र भोकमरी बेहोर्नुपर्ने स्थिति खडा भएको छ। यसको दोष भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ)-मा थोपर्ने प्रवृत्ति पनि छ। जे होस् भोलिको सङ्घर्ष भोकमा आधारित हुने कुरालाई यत्तिकै नकार्न मिल्दैन। क्यामरून, सेनेगल, मौरिटानिया, हाइटी आदि देशमा भोकबाट क्रान्तिले जन्म लिनथालेको तथ्य समाचारमा सुनिसकेका छौं।

**प्रश्नहरू :**

(क) मांसाहारबाट पर्ने खाद्य असर के हो? 2

(ख) के कारणले गरीबहरू भोकमरी अवस्थामा पुग्छन्? 2

(ग) भोलिको सङ्घर्ष केमा आधारित हुनसक्छ? 2

(घ) भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ) भनेको के हो? 2

(ङ) कुन-कुन देशबाट भोकक्रान्तिले जन्म लिनथालेको तथ्य सुनिन थालेको छ? 2

★★★